# प्रमुख शब्दहरु: दृष्टि सम्बन्धी सहायक सामाग्रीहरूको परिचय

| शब्द | परिभाषा | चित्र |
|---|---|---|
| ब्रेल | यो दृष्टिविहीन व्यक्तिहरूको लागि लिखित भाषाको एक रूप हो। उठाइएको थोप्लाहरूको ढाँचाले अक्षरहरूको प्रतिनिधित्व गर्दछ। यी थोप्लाहरू औंलाहरूले महसुस गर्छन्। | |
| सिफारिस गरिएका चश्माहरु | एक दक्ष आँखा सम्बन्धी स्वास्थ्यकर्मीद्वारा पूर्ण आँखा परीक्षण पछि लगाउने व्यक्तिलाई मिल्ने सहि चश्मा। |  |
| अपवर्तक त्रुटि (Refractive error) | दृष्टिको एक सामान्य समस्या, जो सामान्यतया सही चश्मा वा कन्ट्याक्ट लेन्सद्वारा सुधार गर्न सकिन्छ। विभिन्न प्रकारका अपवर्तक त्रुटिहरू हुन्छन जसमा: अस्टिगमाटिज्म, हाइपरोपिया, मायोपिया र प्रेस्बायोपिया। | |
| अस्टिगमेटिज्म (**Astigmatism**): | अस्टिगमेटिज्म (Astigmatism) भएका व्यक्तिहरूलाई टाढा र नजिकमा स्पष्ट देख्न गाह्रो हुन्छ। |  |
| हाइपरोपिया (**Hyperopia**): | हाइपरोपियालाई टाढाको दृष्टि दोष पनि भनिन्छ । हाइपरोपिया भएका व्यक्तिहरूले दूरीमा वस्तुहरू स्पष्ट रूपमा देख्न सक्दछन् । तर नजिकका वस्तुहरूमा ध्यान केन्द्रित गर्न गाह्रो हुन्छ |  |
| मायोपिया (**Myopia**) | मायोपियालाई नजीकको दृष्टि दोष पनि भन्न सकिन्छ। मायोपिया भएका व्यक्तिहरूले नजिकका वस्तुहरू स्पष्ट रूपमा देख्न सक्दछन्, तर टाढाका वस्तुहरू धमिलो हुन्छन्। |  |
| प्रेस्बायोपिया (**Presbyopia**) | प्रेस्बायोपिया धेरै जसो मानिसहरूलाई उमेर बढ्दै गएपछी हुन्छ। प्रेस्बायोपिया भएका मानिसहरूलाई नजिकबाट वस्तुहरू हेर्न गाह्रो हुन्छ। उदाहरणका लागि, पढाई र सिलाई जस्ता गतिविधिहरू गर्न कठिन हुन्छ। | |
| दृष्टि | देख्न सक्ने क्षमता लाई जनाउँछ । | |
| दृष्टि समस्या | विभिन्न दृष्टि समस्याहरूमा आँखाको स्वास्थ्य, टाढाको दृष्टि वा नजिकको दृष्टिमा समस्याहरू समावेश छन् । अधिकांश दृष्टि समस्याहरू रोकथाम, सही उपचार, र वा सहायक सामाग्रीहरूको साथ टार्न सकिन्छ। / तथापि, केही दृष्टि समस्याहरू टार्न नसकिने छन्, जसको अर्थ पूर्ण दृष्टि पुनर्स्थापित गर्न सकिँदैन। | |